## गण्डकी प्रदेश सरकार

# सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय

# पोखरा,नेपाल

## रोस्टरमा सुचिकृत हुने सम्बन्धी सूचना

( दोस्रो पटक प्रकाशन मितिः २०८१/०८/१३)

सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखराको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश युवा सञ्जाल गठन तथा परिचालन कार्यक्रम,युवा क्लव प्रशिक्षण र परिचालन कार्यक्रम र युवाको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालनको लागि युवा नीति, युवा बहसका विषयहरु,युवा परिचालन सन्दर्भमा व्यवस्था गरिएका नीतिगत र कानुनी कुराहरु र तिनीहरुको व्यवहारिक अभ्यास, विकासमा युवाको भुमिका, आवश्यकता र सहभागिता, नीति, नेतृत्व क्षमता विकासका विभिन्न आयामहरु लगायत विविध विषयहरुमा युवाहरुलाई प्रोत्साहनमुलक, प्रेरणामुलक र नेतृत्व र क्षमतामुलक एवं कानुनी ज्ञानमुलक प्रशिक्षण दिई युवालाई सरकारी र विकास निर्माण साथै सामुदायिक परिचालनका क्षेत्रमा समेत परिचालन गर्न सक्ने गरी प्रशिक्षण र अभिमुखिकरण कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि प्रशिक्षकको रुपमा सहभागिता जनाउन ईच्छुक देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले देहाय बमोजिमका प्रमाण कागजात संलग्न गरी यो सुचना प्रकाशित भएको ७ दिन भित्र मन्त्रालयको रोष्टर सुचीमा सुचिकृत हुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः

१ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

२ शैक्षिक योग्यताका प्रमाणपत्रहरु (न्युनतम स्नातक तह वा सो सरह)

३ प्रशिक्षक भै कामकाज गर्न लिएको अनुमती पत्र

४ प्रशिक्षकको रुपमा कामकाज गरेको अनुभवका प्रमाणपत्रहरु

५ प्रशिक्षण गर्न सक्ने र प्रशिक्षण गर्न चाहेका युवासँग सम्बन्धीत विषयवस्तुहरु(कार्यपत्र सहित)

६ स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि

७ नैतिक तथा फौजदारी अभियोगमा अदालतबाट कुनै पनि सजाय नपाएको स्व-घोषणा पत्र

प्रशिक्षकको सेवासुविधाः

१ प्रदेश खर्चको मापदण्ड,२०७९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल